# नेपाली समाजमा गोपाली - एक परिचय

— मदनकृष्ण श्रेष्ठ

नेपाल अधिराज्यमा विभिन्न जाति, वर्ण र धर्मका ठकुरी, मगर, राई, किराती, लिम्बु, घले, तामाङ्ग, दमाई कामी, दनुवार, थारु, भोटे, नेवार, क्षेत्री आदिले बसोबास गरिआएका छन् । फूलबारीमा विभिन्न रंङ्गी विरङ्गी थरीथरीका फूलहरू भए झैं नेपालरूपी फूलबारीमा विभिन्न वर्ण, धर्म, जाति तथा भेषभूषाका मानिसहरू छन्। प्राचीनकालदेखि नै नेपाल अधिराज्यमा विभिन्न भाषाभाषी प्रचलित छन् र विभिन्न जातिका मानिसहरूले बसोबास गरिआएका छन्। नेपाल अधिराज्य सानो भए तापनि यहाँको संस्कृति, संस्कार तथा जातिमा निकै विविधता पाइन्छ। यो नेपाली समाजको आफ्नै विशेषता हो। यस छोटो लेखमा 'गोपाली" जाति र तिनीहरूको पेशा, संस्कार, तथा धार्मिक परम्पराबारे संक्षेपमा वर्णन गर्ने प्रयास गरिएको छ ।

मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अंचलको मकवानपुर जिल्लाको टौखेल, कुन्छा, टिष्टुङ्ग र वागमती अंचल काठमाडौं जिल्लाको थानकोटमा 'गोपाली'हरू विशेषतः बसोबास गरिआएका छन्। प्राचीनकालदेखि नै उक्त चार स्थानमा "गोपाली"हरू बसोबास गरिआएका हुनुपर्दछ। यिनीहरूको समाज हिन्दू धर्ममै आधारित छ।

"गोपाली" शब्द "गोपाल"बाट आएको हुनुपर्छ । यिनीहरू गाई, भैंसी, बाख्रा, भेंडा आदि जनावर पाली गोठालो लाग्दछन् ।

टौखेल नेपालको राजधानी काठमाडौंको दक्षिण-पश्चिम भागमा अन्दाजी दश माइलको दूरीमा पर्छ। चितलाङ्ग र कुलेखानी जलविद्युत् आयोजनाको निकटतम् यो स्थान हो भने टिष्टुङ्ग र कुन्छा राजधानी बाट बाह्रदेखि तेह्र माइलमा पर्छन् । टौखेल, टिष्टुङ्ग तथा कुन्छाको पारस्परिक दूरी दुईदेखि तीन माइल भित्र पर्दछ । कुन्छा र टिष्टुङ्ग त्रिभुवन राजपथको हाराहारीमा पर्दछन् भने थानकोट काठमाडौंबाट ६ माइल टाढा पर्छ ।

यी "गोपाली"हरू नेवार समुदायका हुन् । यिनीहरूको मुख्य पेशा वस्तुपालन र कृषि नै हो । यिनीहरू गाई वस्तु पाल्छन् र खेती किसानी गर्छन् । आफ्नो पेशामा कट्टर छन । खाई नखाई आर्जन गरेको पैसाबाट जग्गा जमीन जोर्ने गर्दछन् । जसरी हुन्छ पैसा जम्मा गर्न प्रयासरत हुन्छन्। केही नगद जम्मा भयो कि खेत वा बारी खरिद गरिहाल्छन् । यिनीहरू हट्टाकट्टा हुनुका साथै मेहनती तथा परिश्रमी पनि भएकोले कृषि गर्न योग्य कृषक मानिन्छन् । खेतबारीमा काम गर्न यिनीहरूलाई अरूले भेटाउँदैनन् । व्यापार तथा अन्य पेशामा लाग्ने भने नगण्य रूपमा छन् । गाई भैंसी पाली दूध दहीबाट घिउ बनाई बेच्ने गर्छन्, मही खान्छन् तर दूध थोरैमात्र खाने गर्छन्, कारण जसरी हुन्छ धन जम्मा गरी जग्गा जमीन जोर्नुछ । कृषिकार्यमा एकले अर्कोलाई पर्मको रूपमा काम गरी सहयोग गर्दछन् । यसबाट थाहा हुन्छ कि यिनीहरूमा वलियो मेल पनि छ ।

यिनीहरू हिन्दू धर्म अन्तर्गत कै हुन् र ईश्वरप्रति विश्वास गर्दछन् । देवीदेवातको पूजाआजा गर्दछन्, मन्दिर धाउँछन् र तीर्थस्थल घुम्दछन् । व्रत पनि बस्दछन्, पुराण लगाउने कार्यमा पूर्ण विश्वासका साथ ध्यान दिन्छन् । बौद्ध धर्मप्रति आस्था नभएको पनि भन्न मिल्दैन, किनभने लुम्बिनीमा पनि धर्मको उद्देश्यले भ्रमण गर्दछन् । चाड पर्वमा पनि अरू नेवार जातिले मानिआएका जस्तै दशैं, तिहार, सिठ्ठी आदि मान्दछन् ।

टिष्टुङ्गको दक्षिण–पश्चिम र कुन्छाको पूर्व–दक्षिणमा एक देवीको स्थान छ । यो स्थान वाराही स्थानको नामले प्रसिद्ध छ । यो टिष्टुङ्गबाट बगेको खोलाको किनारमा छ । ठीक यस स्थानको माथि पश्चिममा एक चौर छ जुन वाराहीचौरको नामले प्रख्यात छ । वाराही स्थानको ठीक पूर्वमा एउटा सल्लाको जंगल छ जसलाई वाराही वन द्योवन भन्ने चलन छ । चाडपर्वमा वाराहीको पूजाआजा धूमधामसंग हुन्छ । अरु बेला, जस्तो शनिवार पनि वाराहीको पूजा गाउँलेहरुले गर्दछन् । मूलरुपमा वाराही देवीको स्थापना भई पूजा गरिने भएकोले वाराहीस्थान भन्ने गरेको हो तापनि वाराही प्रमुख देवीको रुपमा र साथसाथै भैरव, कुमारी, इन्द्रायणी आदि देवता पनि स्थापना गरिएको छ । वाराही-को पूजाको साथमा सबै देवदेवीको पूजाआजा हुन्छ ।

टिष्टुङ्गका गोपालीहरु कसैको मृत्यु भयो भने वाराहीस्थान पछाडिको खोलामा लगी किनारामा राखी वाराही जंगलको सल्लाको रुख काटी त्यसै हिन्दू संस्कार अनुसार दाउराको चाङ लगाई मृतदेह जलाउने गर्दछन् । यसले गर्दा वाराही वनको महत्त्व छ । कुन्छाका गोपाली–हरूको मृत्युमा भएमा भने खोलाखर्क भन्ने स्थान जाने बाटोमा पर्ने नदीको किनारामा हिन्दू संस्कार अनुसार नै जंगल नजीक नभएकोले घरघरबाट मलामीले दाउरा बोकी लगी चाङ लगाई जलाउने गर्छन् । यो स्थान कुन्छाको पूर्वदक्षिणमा अन्दाजी १ किलोमिटरको टाढा पर्छ ।

वाराही यात्रा तीन वर्षमा एकपटक हुने चलन प्राचीनकालदेखि नै भएको हो भन्ने कुरा बुढापाकाको भनाइबाट थाहा हुन्छ । यो यात्रा टिष्टुङ्ग र कुन्छाको गोपालीहरूको साझा यात्रा हो । दुवै स्थानका गोपालीहरू यो यात्रा मान्दछन् । यात्रा खास गरी वैशाखको अन्त्य र जेष्ठको शुरुमा मनाउने चलन छ । वाराही देवीको नाउँमा एउटा राँगो एक वर्ष अगाडिदेखि नै छाडा रुपमा छाडी राखेको हुन्छ र यात्राको दोस्रो दिनमा वाराही देवीको नाममा बलि दिने चलन छ । यो यात्रा तीन दिनसम्म मनाउने गर्छन् । पहिलो दिन टिष्टुङ्गको पोडे टोलबाट वाराही देवीलाई खटमा राखी खड्ग बोकेको, काम्दै हिंडने कर्माचार्यमध्येको एक व्यक्तिलाई अगाडि पठाई जुलुस सहित खट वाराहीस्थान तर्फ चलाउँछन्, दोस्रो दिन वाराहीस्थानमा वाराहीलाई परम्परानुसार राँगा बोकाको बलि चढाउने गर्दछन् । गाउँलेहरुले आफ्नो गच्छे अनुसार कसैले सानो त कसैले ठूलो बोका बलि दिन ल्याउँछन् र बलि दिन्छन् । तर टाउको फिर्ता पाउँदैनन । ती टाउकाहरु देवीस्थानमै चाङ लगाई राख्दछन् । यी टाउका "धामी" (यात्रा संचालकको प्रमुख व्यक्ति) को रेखदेखमा रहन्छन् । देवीले बोलेको भनी कहिले काहीं धामी कामेर "हे मनुवा" इत्यादि बोल्छन् । तेस्रो दिन वाराही देवीलाई खटमा राखी मानिसले रथ बोकी धूमधामसंग यात्राहरुको भीडका साथ फिर्ती आगमन गराउँछन् । यो यात्राको अन्तिम दिन हो । वाराही देवता रहेको रथमा पोडे (जसलाई घोला भन्दछ) पनि बसेको हुन्छ । खट पोडे गाउँमा पुगेपछि यात्रा समाप्त भएको मानिन्छ । यो यात्रा हेर्न काठमाडौं, हेटौंडा, वीरगन्ज, भीमफेदी, चितलाङ्ग, टौखेल, भैंसे, पालुङ आदि स्थानबाट पनि मानिसहरू आउने गर्छन् ।

यात्राको शुरू दिनदेखि अन्तिम दिनसम्म तीन–दिन वाराही चौरमा बजार लाग्दछ र टाढाटाढाका मानिसहरू समेत आई जुहारी गीत गाएर चउरनै गुन्जायमान तुल्याउँछन् । दर्शकहरूको खुशीको सीमा नै हुदैन । कर्माचार्यहरुको परिवार पुजारीको रुपमा रहन्छन् । यात्रा संचालनका प्रमुख व्यक्तिहरू यिनीहरु नै मानिन्छन् । एकजना गोपाली पनि ठालुको रूपमा यस यात्रामा सहयात्री हुन्छ । यात्रा समाप्त भएपछि वाराहीलाई भोग चढाएका बोकाहरूका टाउकाहरू धामीको घरमा ल्याई थुपार्ने गर्दछन् । दुई तीन दिनपछि टाउका

गह्लाउने भएपछि ती टाउकाहरू मान्यजनहरूमध्ये कसैलाई एउटा, कसैलाई दुइवटा त कसैलाई चारवटासम्म पनि पर्ने गरी प्रसादको रूपमा वितरण गर्ने गर्दछन् । यो टाउको मूला, फर्शी तथा चनाको साथ मिलाई तरकारी खाने गर्छन् । यस यात्राको लागि विर्ता दिई आएको छ भन्ने कुरा जानकारहरू बताउँछन् । तर पछि विर्ता उन्मूलन र भूमि सुधार जस्तो कदम श्री ५ को सरकारले लागू गरेपछि विर्ता र नगद अनुदान पनि समाप्त भयो भन्ने कुरा सुनिन्छ । यसरी गोपाली जाति पनि धार्मिक संस्कारमा चल्दछन् र आफ्नो संस्कृतिको संरक्षणमा लाग्छन् ।

टिष्टुङ्गमा बाह्र वर्षमा एक पटक सटलसि राजाको नाम निकाल्ने पनि परम्परा चलिआएको छ । यसमा पनि गोपाली जाति सहभागी बन्दछन् । राजा, रानी, मन्त्री तथा अन्य सहयोगी कलाकारहरूले जरी लगाएको राम्रो तर पुरानो किसिमको भेषका कोट, लुगा र सारी लगाउने गर्दछन् । त्यसपछि नाच शुरू हुन्छ । यो नाच राति नचाउने चलन छ । राति दश बजे शुरू गरी बिहान ६ बजेसम्म पनि नचाई रहन्छन् । छिमेकी गाउँका नरनारीहरू ठूलो संख्यामा आई रातमा यो नाच हेर्छन् । यो नाच दुई रात चल्दछ । यस्तै गरी कुन्छामा पनि बाह्र वर्षको अर्कै नाच छ । खासगरी टिष्टुङ्ग र कुन्छाको नाच नचाउने जाडो महीनामै पर्छ ।

टौखेलका गोपालीहरू मृत्यु भएको मानिसको दाहसंस्कार यहाँबाट एक किलोमिटर टाढा पूर्वस्थित खोनामा गर्दछन् । यिनीहरूको चिहान नजिक जंगल छैन । त्यसैले घर–घरबाटै दाउरा लगी मृत शरीर जलाउने गर्दछन् । यिनीहरूको वर्षको एक पटक यात्रा हुन्छ । टौखेलको ठीक उत्तर–पूर्वमा पर्ने विसौखोला भन्ने गाउँको पुछारमा एउटा खोला छ । त्यस खोलाको किनारमा महादेवको स्थान छ । त्यहाँ यात्राको समयमा निकै जाडो हुन्छ । यो यात्रा हुने स्थानमा जंगल छ, एक दुई वटा पाटी र मन्दिर पनि छ । वोसीहरूले उक्त स्थानको रूख काट्न लाग्दा 'ऐया' भन्ने शब्द जोडले निस्केको वोसीहरूले सुने र रगत समेत बगेको देखें भन्ने जनश्रुति छ । त्यहाँ महादेवको झलका देखेपछि रूख नढाली महादेवको मूर्ति स्थापना गरी वर्षको एक पटक यात्रा चलाई आएको हो भनी बूढापाकाहरू भन्दछन् । यहाँका गोपालीहरूले पनि टिष्टुङ्गमा जस्तै पुराना संस्कृतिको संरक्षण गर्दै सो जोगाई राख्न बाह्र वर्षको एक पटक नाच नचाउने चलन गरिआएको पाइन्छ ।

पोशाक माथि उल्लेख गरेका चारै स्थानका गोपालीहरूको एकै हो, फरक छैन ।

टौखेलमा मात्र यिनीहरूको सैकडौं घरको संख्यामा एकै ठाउँमा एउटा सिंगै गाउँ निर्माण गरी बसेका छन् भने कुन्छामा चारदेखि पाँचसय घरवारी भएको पाइन्छ । टिष्टुङ्गमा सयदेखि डेढसय घर मात्र छन् भने थानकोटमा पनि झण्डै सय घर जति नै छन् । टौखेल, कुन्छा, टिष्टुङ र थानकोटमा गरी अन्दाजी क्रमशः बाह्र हजार, दश हजार, छ हजार र चार हजार गोपालीहरूले बसोवास गरिआएको पाइन्छ । तापनि टौखेल र कुन्छा नै यिनीहरूको मूल हो कि भन्ने भान हुन्छ । २०२० सालदेखि यता केही परिवारहरू चितवन, हेटौंडा तथा नजिकका तराई भागमा बसाइँ सरेको पनि पाइन्छ ।

थानकोटका गोपालीहरूमा पनि चाडपर्व, परम्परानुसारको धर्म, संस्कार, रीतिरिवाज आदि अरू ठाउँका गोपालीको सरह नै देखिन्छ । यिनीहरूको पनि कार्तिक मंसीरमा यात्रा हुन्छ ।

गोपाली जाति मेहनती, लगनशील, सिधा तथा परिश्रमी हुनुका साथै मिलनसार, छक्कापञ्जा नजान्ने किसिमका हुन्छन् । यिनीहरूको परस्परको मेल बडो अचम्मको छ । यिनीहरूले एक जनालाई थकाली मानिआएका हुन्छन् जसको इशारामा सबै काम चल्छ । थकालीले भनेपछि सबै सहमत हुन्छन् र काममा शरीक हुन्छन् । खेती किसानीमा एकले अर्कोलाई सहयोग गर्दछन् । यिनीहरूमा सहयोगी भावना प्रबल रूपमा देखापर्छ ।

गोपालीहरू आफ्नै घरमा तान राखी घरमै फुर्सदको समयमा खेसको कपडा बुन्ने गर्दछन । आइमाईहरू कालो तर किनारा रातो भएको पतासी (फरिया)

र चोलो लगाउँछन् । लोग्ने मानिसहरू सादा सेतो कपडा बुनी दौरा–सुरुवाल र पटुका लाउँछन् । विदेशी कपडा खास गरेर खरीद गरी लगाउँदैनन् । खरीद गरे पनि लोग्ने मानिसको लागि इष्टकोटको कपडा मात्र किन्छन् । पाउपोस (जुत्ता) सम्म पनि पात (जुट) को बुनेर लगाउँछन् । खरीद गरे पनि तिनसूतको मात्र किन्छन् । त्यतिले नभएमा गाउँले सार्कीले सिएको छालाको जुत्ता लगाउँछन् । यिनीहरू खेसको घरबुन्ना कपडा तथा पतासी बुनी गाउँ गाउँमा लगी बेच्ने पनि गर्दछन् र मेहनतको फल केही धन आर्जन पनि गर्छन् ।

गोपाली जातिको भाषा पनि बेग्लै छ । चारै स्थानका गोपाली जातिका भाषामा फरक छैन । हुन त यिनीहरू पनि नेवार समुदाय कै हुन् । त्यसैले नेवार जातिको भाषामा ठाउँ ठाउँमा भिन्नता भएकाले होला यिनीहरूको पनि भाषा अरूको भन्दा फरक नै छ । अरू नेवार मानिसलाई "मनु" भन्छन् भने यिनीहरू "मन्या" भन्दछन् । "आउ" भन्दा अरू नेवार "वा" भन्छन् भने यिनीहरू "यं" भन्दछन् । खानुलाई 'न' भन्नुको सट्टा 'नि' भन्दछन्, 'नखाउ' लाई 'निमत्य' भन्दछन् ।

श्री ५ को सरकारले उदारनीति लागू गरेको शिक्षा यिनीहरूका केटाकेटीहरूको लागि प्रयोग भएको देखिंदैन । गोपाली जातिका केही परिवारले भाषा र शिक्षाको महत्व बुझे जस्तो गर्छन् । तर केटा-केटीलाई शिक्षित तुल्याउनेतर्फ भित्री हृदयले सोच्दैनन् । केही गरी पाठशाला पठाउनै पर्ने अवस्था परे पनि कक्षा १ देखि ५ सम्म निःशुल्क शिक्षा मात्र दिन्छन् । यो पनि करबरले मात्र, किनभने पढाईभन्दा खेती किसानीलाई नै उनीहरू उत्तम ठान्छन् । पढे-लेखेको मान्छेहरू घर गृहस्थी र खेतीपातीमा लाग्दैनन् भन्ने धारणा उनीहरूमा पाइन्छ । उच्च शिक्षा त परै जाओस् निम्नस्तरको शिक्षामा समेत केटाकेटीलाई संलग्न गराउन मन पराउँदैनन् । कृषक परिवार भएकोले दिनभरी लोग्ने मानिस र स्वास्नी मानिस दुवै खेतीपातीमा बिताउँछन् र घर फर्केपछि पनि आइमाईहरू घरको तानमा कपडा बुन्न थाल्छन् । फुर्सद लिंदै लिंदैनन् । केटाकेटीहरूलाई गाई, गोरु, भैंसी र बाख्रा, चराउनमा व्यस्त गराउँछन् । केही दशक पहिलेसम्म त झन् केटाकेटीलाई शिक्षित तुल्याउनु हुँदैन मूर्ख बन्दछन्, खेती किसानी गर्दैनन्, शिक्षाले खान लाउन दिंदैन भन्ने धारणा यिनीहरूमा थियो । त्यसैकारण यिनीहरू शिक्षामा पछि परेका छन् ।

गोपाली जाति किसानी जाति भएकोले २०२० साल अर्थात् नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पहिले आफ्नो छोरा ८.९ वर्षको हुँदा १६ देखि १८ वर्षकी केटी खोजी विहे गरिदिने चलन थियो । यिनीहरूमा मागी विवाहको चलन थियो । प्रेम विवाह खासगरी हुँदैनथ्यो । छोरी दिने तर्फको आमा-बाबु र बुहारी लिने तर्फका आमाबाबुको सहमतीबाट विहे गर्ने चलन छ । दुलही हुने र दुलहा हुनेको स्वीकृतिको आवश्यकता ठानिंदैन । सानै उमेरमा पनि विहे गर्ने चलन थियो, कारण बुहारी बढी उमेरकी भई भने खेतीपातीमा काम गर्न सक्ने हुन्छे । २०२० साल पछि यो चलन हराउँदै गयो । आजभोलि उमेर नपुगी विहे गर्ने गर्दैनन् । २०२० सालभन्दा अगाडि विहे गरी ल्याएकी बुहारी अन्त पोइल गई भने विहेमा भएको खर्च जारी खर्चको रूपमा भराई लिने गर्दछ । यिनीहरू खासगरी श्रीपञ्चमीका दिन विहे-व्रतबन्ध गर्ने गर्दछन् । पुरोहितचाहिं बाहुनले नै गर्ने चलन छ । विहेमा आधुनिक बाजागाजा प्रयोग गर्दैनन्, केवल मादल, बाँसुरी बजाई कार्य गर्दछन् । दाइजोको लोभमा यिनीहरू परेका छैनन् । किसानी परिवार भएकाले बुहारी बलिया खोज्छन् मात्र । श्रीपञ्चमीका दिन बाजागाजा सहित सरस्वतीस्थानमा पुग्दछन् र सरस्वतीको पूजा गर्दछन् ।

धन आर्जन गरी नगद घरमा राख्नु हुँदैन, चोरले चोर्छ भन्ने धारणा यिनीहरूमा छ तापनि बैङ्कमा पनि रकम राख्न चाहँदैनन् । उन्नान्सय पैसा भयो भने एक पैसा थपी कहिले सय पैसा (रुपियाँ) बनाउँ भन्ने यिनीहरू सोचिरहन्छन् । यसरी जम्मा गर्दै गएपछि बैङ्कमा राख्नुको सट्टा खेतबारी मै पैसा लगानी गर्छन् । खेतबारी जोड्दै जाने यिनीहरूको मुख्य ध्येय हुन्छ ।